पत्र संख्या:- २०८०।८१
चलानी नं.:- ११५

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि म...
सिंहदरबार, काठमाडौं, नेपाल

सिंहदरबार
मिति: २०८०।१२।१८ गते
काठमाडौं, नेपाल ।
नेपाल सम्वत् ११४४ चिल्लागा, ६ आइतबार

विषय:- विद्यालय भौतिक विवरण सम्वन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ
७७ सबै ।

विगतदेखि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) भित्र Physical वटन समावेश गरी विद्यालयको जग्गा लगायत भौतिक पक्षसँग सम्वन्धित विवरण संकलन र प्रयोग हुदै आएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत् हाल उक्त प्रणाली सुदृढीकरण गरी थप व्यवस्थित बनाउने कार्य भइरहेको व्यहोरा सबैमा अवगत नै छ । गत विगत वर्षहरूको अभ्यास हेर्दा शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा समावेश हुनुपर्ने विद्यालयको भौतिक विवरण पूर्ण रुपमा समावेश नभएका कारण शैक्षिक नीति, योजना, कार्यक्रम र बजेट प्रणालीमा समस्या देखिएकोले विद्यालयको भौतिक पक्षसँग सम्वन्धित सम्पूर्ण विवरण IEMIS मा अनिवार्य रूपमा भर्ने भराउने व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि तहाँ इकाइबाट आवश्यक समन्वय र सहजीकरण हुन अनुरोध छ। साथै तत्काल सामुदायिक विद्यालयको जग्गा सम्वन्धी विवरण अध्यावधिक गर्नुपर्ने भएकोले विद्यालयको नाममा दर्ता कायम भएको र दर्ता हुन बाँकी जग्गाको विवरण स्थानीय तहको सहयोग र समन्वयमा देहाय बमोजिम ढाँचामा तयार पारी सोको Hard Copy र Soft Copy **(Excel Sheet मा नेपाली Unicode प्रयोग गरी)** शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत् २१ (एक्काइस) दिनभित्र यस मन्त्रालयमा आइपुग्ने गरी पठाउने व्यवस्थाका लागि मिति २०८०।१२।१८ को सचिवस्तरीय निर्णय अनुसार अनुरोध छ ।

देहाय

| सि.नं. | जिल्ला | स्थानीय तह | विद्यालयको नाम र ठेगाना | जग्गाको विवरण | | विद्यालयको नाममा दर्ता कायम भए/नभएको | जग्गाको प्रयोगको अवस्था | संलग्न कागजात (लालपुर्जा, फिल्डबुक, नक्सा आदि) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कि.नं. | क्षेत्रफल | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**बोधार्थ एवम् कार्यार्थ:**

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर:- यसै बमोजिम कार्यान्वयनका लागि ।

श्री स्थानीय तह, सबै:- समन्वय सहयोग र सहजीकरण हुन ।

श्री सार्वजनिक विद्यालयहरू, सबै:- तोकिए बमोजिम विवरण उपलब्ध गराउनु हुन ।

२०८०।१२।
रामप्रसाद शर्मा
उपसचिव

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानवस्रोत विकास केन्द्र

# शिक्षा विकास तथा समन्वय इकाई

ओखलढुंगा

पत्र संख्या २०८०/८१
च.नं. ५२१

मिति: २०८०/१२/१९

विषय: विद्यालय भौतिक विवरण सम्वन्धमा ।

श्री ओखलढुंगा जिल्ला स्थित सबै स्थानीय तहहरु

प्रस्तुत विषयमा शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय,सिंहदरवार,काठमाण्डौंको च.न.११५, मिति२०८०।१२।१८ को पत्र यसै साथ संलग्न छ । व्यहोरा सोहीपत्र बाट अवगत गर्नु भई पत्रबाट माग भए बमोजिमको ढाँचा र Font मा प्रत्येक विद्यालयहरुबाट छुट्टा छुट्टै सादा रेकर्ड फायलमा विवरण संकलन गरी Hard Copy र Soft Copy १५ दिन भित्र उपलब्ध गराइ दिनु हुन अनुरोध छ ।

भरतबहादुर भट्टराई
इकाइ प्रमुख

# मानेभन्ज्याङ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
मानेभन्ज्याङ,ओखलढुङ्गा
कोशी प्रदेश,नेपाल


पत्र संख्याः ०८०/८१
चलानी नम्बरः १६६०

मितिः २०८०/१२/१९
ने.सं. ११४४, चिल्लागा, ७, सोमवार

श्री सामुदायिक विद्यालयहरू सबै,
मानेभन्ज्याङ गाउँपालिका, ओखलढुङ्गा ।

विषयः विद्यालयको भौतिक विवरण पठाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरवारको मिति २०८०/१२/१८, च.नं. ११५ तथा श्री शिक्षा विकास तथा समन्वय इकाइ, ओखढुङ्गको मिति २०८०/१२/१९, च.नं. ५२१ को पत्रानुसार यस गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरूको तपसिल वमोजिमको विवरण तोकिएको ढाँचा र फर्मेटमा हार्ड कपि (संभव भए सफ्ट कपि समेत) एक हप्ता भित्र उपलब्ध गराई दिनुहन अनुरोध छ ।

तपसिलः

| क्र.सं. | विद्यालयको नाम | जग्गाको विवरण | | विद्यलयको नाममा दर्ता भए/नभएको | जग्गाको प्रयोगको अवस्था | संलग्न कागजात(लालपुर्जा, फल्डबुक,नक्सा आदि) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कि.नं. | क्षेत्रफल | | | | |
| | | | | | | | |
| | | | | | | | |

...........
भरत खतिवडा
शिक्षा शाखा प्रमुख

वोधार्थः श्री सूचना प्रविधि शाखाः वेवसाइड तथा फेसबुक पेजमा अपलोड गरिदिनुहुन ।